# सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ (३) र नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

## स्वतः प्रकाशन गर्नुपर्ने विवरणहरु

(Proactive Disclosure)

## २०८० कार्तिक १ देखि पौष मसान्त सम्म

## (दोस्रो त्रैमासिक)

जिल्ला प्रशासन कार्यालय, गोरखा

नेपाल सरकार

गृह मन्त्रालय

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा

**जिल्ला प्रशासन कार्यालय, गोरखा**

# विषयसूची

१. कार्यालय स्वरुप ........ १
२. कार्यालयको काम कर्तव्य र अधिकार ........ १
३. कार्यालयबाट प्रदान गरिने सेवा ........ २
क. स्थानीय प्रशासन सम्बन्धी सेवाः ........ २
ख. नागरिकता सम्बन्धी सेवाः ........ २
ग. राहदानी सम्बन्धी सेवाः ........ २
घ. मुद्दा तथा उजुरी/ गुनासो सम्बन्धी सेवाः ........ २
ङ. हातहतियार इजाजत तथा नवीकरण सम्बन्धी सेवाः ........ २
च. संस्था दर्ता तथा नवीकरण सम्बन्धी सेवाः ........ २
छ. विपद् व्यवस्थापन सम्बन्धी सेवाः ........ ३
ज. अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा हेलो सरकार सम्बन्धी सेवाः ........ ३
झ. राष्ट्रिय परिचय पत्र वितरण सम्बन्धी सेवा ........ ३
४. कार्यालयको स्वीकृत दरबन्दी विवरण ........ ३
५. सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी ........ ४
क. प्रमुख जिल्ला अधिकारी कक्ष ........ ४
ख. सहायक प्रमुख जिल्ला अधिकारी कक्ष ........ ४
ग. स्थानीय प्रशासन शाखा ........ ४
घ. नागरिकता शाखा ........ ४
ङ. नागरिकता प्रतिलिपि शाखा ........ ४
च. राहदानी शाखा ........ ४
छ. मुद्दा शाखा ........ ४
ज. लेखा शाखा ........ ५
झ. राष्ट्रिय परिचय पत्र दर्ता शाखा ........ ५
ञ. दर्ता चलानी शाखा ........ ५
६. निर्णय गर्ने प्रक्रिया र अधिकार ........ ५
७. निर्णय उपर उजुरी सुन्ने अधिकारी ........ ५
८. कार्यालयको सम्पर्क विवरण ........ ५
९. सुचना अधिकारी ........ ५
१०. कार्यालयको सूचना प्रकाशन हुने माध्यम ........ ५

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा

## १. कार्यालय स्वरुप

स्थानीय प्रशासन ऐन, २०२८ ले जिल्ला प्रशासन कार्यालयको काम, कर्तव्य र अधिकारलाई व्यवस्थित गरेको छ। जस अनुसार जिल्लामा शान्ति सुरक्षा र सुव्यवस्था कायम गरी जनताको जिउधन र स्वतन्त्रताको संरक्षण गर्नु यसको प्रमुख कार्य हो । जिल्लामा विकास निर्माणका कार्यहरुका लागि उपयुक्त वातावरण निर्माण गर्न समन्वय र सहजीकरण, विपद् व्यवस्थापन, आपूर्ति व्यवस्थापन, सेवा प्रवाहको अनुगमन, प्रचलित कानूनमा तोकिएका विषयहरुमा न्याय निरुपण, आर्थिक अनियमितता एवं भ्रष्टाचार नियन्त्रण तथा कार्यालयबाट नागरिकता प्रमाणपत्र जारी गर्ने, राहदानी सम्बन्धी काम गर्ने, राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता गर्ने, संघसंस्था दर्ता गर्ने जस्ता कार्यहरुको सम्पादन गर्ने र जिल्लामा सुशासनको प्रत्याभूतीका लागि जिल्ला प्रशासन कार्यालयको महत्वपूर्ण भूमिका रहेको हुन्छ। नेपाल सरकारको प्रतिनिधिका रुपमा प्रमुख जिल्ला अधिकारीले जिल्लाको प्रमुख प्रशासनिक अधिकारीको भूमिका निर्वाह गरेको हुन्छ । जिल्लाको समग्र सुरक्षा व्यवस्थालाई एकीकृत र समन्वयात्मक रुपमा सञ्चालन गर्न जिल्ला प्रशासन कार्यालय र जिल्ला स्थित नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र राष्ट्रिय अनुसन्धान विभागका निकायहरु, इलाका प्रशासन कार्यालय, कारागार कार्यालय क्रियाशील रहेका छन्।

## २. कार्यालयको काम कर्तव्य र अधिकार

- शान्ति सुरक्षा सम्बन्धी कार्य,
- जिल्लास्थित कार्यालयहरुको समन्वय एवं अनुगमन रेखदेख नियन्त्रण, नेपाली नागरिकताको प्रमाण पत्र जारी गर्ने सम्बन्धी कार्य तथा प्रतिलिपि नागरिकता प्रमाणपत्र जारी गर्ने कार्य,
- ई-पासपोर्टको इनरोलमेन्ट संकलन तथा वितरण,
- नाबालक परिचयपत्र जारी गर्ने तथा प्रतिलिपि दिने कार्य,
- राष्ट्रिय परिचयपत्रको लागि विवरण दर्ता गर्ने कार्य,
- हातहतियार ईजाजत तथा नवीकरण सम्बन्धी,
- संस्था, पत्रपत्रिका तथा छापाखाना सम्बन्धी संस्था दर्ता र प्रमाण पत्र, संस्था नवीकरण, संस्थाको विधान संशोधन, जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति, पत्रपत्रिका दर्ता, छापाखाना संचालन स्वीकृति,
- नाम, थर, उमेर फरक परेको सिफारिस,
- कुनै व्यहोरा प्रमाणित गर्ने,
- बजार अनुगमन सम्बन्धी कार्य, तोकिएका न्यायिक कार्य,
- सार्वजनिक स्थानमा अवाञ्छनीय क्रियाकलापको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराध आदिको नियन्त्रण, विपद् जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन सम्बन्धी कार्य,
- अवैध मदिरा नियन्त्रण, जिल्ला भित्र रहेको नेपाल सरकारको सबै सम्पत्तिको रेखदेख, सम्भार तथा मर्मत गर्ने गराउने,
- जिल्ला स्तरमा सार्वजनिक उत्सव, राष्ट्रिय दिवस मनाउने,
- मुआब्जा निर्धारण तथा वितरण,
- नेपाल सरकार र प्रदेश सरकारबाट तोकिएका अन्य कार्यहरु,
- अन्य कुनै कार्यालयको कार्य क्षेत्रमा नपरेको नेपाल सरकारका कार्यहरु ।

प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा

## ३. कार्यालयबाट प्रदान गरिने सेवा

### क. स्थानीय प्रशासन सम्बन्धी सेवा:

- नाम, थर, जन्ममिति आदि प्रमाणित
- नावालक परिचय पत्र
- पेन्सन सम्बन्धी सिफारिस
- आदिवासी जनजाति, दलित, मुस्लिम प्रमाणित
- नाता प्रमाणित
- भारतीय पेन्सन सम्वन्धि पारिवारिक विवरण प्रमाणित
- सहज आपूर्ति व्यवस्थापन सुनिश्चित गर्नका लागि बजार अनुगमन तथा नियमन सरकारी / सार्वजनिक सम्पत्ति संरक्षण
- साथै अन्य पत्रचार, सिफारिस तथा प्रमाणित

### ख. नागरिकता सम्बन्धी सेवा:

- वंशजको आधारमा नेपाली नागरिकताको प्रमाण पत्र वितरण
- वैवाहिक अंगीकृत नागरिकताको प्रमाण पत्र वितरण
- आमाको नामबाट नेपाली नागरिकता प्रमाणपत्र वितरण
- गैर आवसिय नागरिकताको प्रमाण पत्र वितरण
- नागरिकताको प्रमाण पत्रको प्रतिलिपि वितरण

### ग. राहदानी सम्बन्धी सेवा:

- राहदानी फारम संकलन
- द्रुत राहदानी सिफारिस (नाबालकको हकमा मात्र)
- राहदानी वितरण

### घ. मुद्दा तथा उजुरी/ गुनासो सम्बन्धी सेवा:

- मुलुकी अपराध संहिता, २०७४ तथा अन्य विषयगत शुरु कारवाही र किनारा गर्ने।
- गुनासो तथा ठाडो उजुरी
- पत्रपत्रिका दर्ता छापाखाना दर्ता

### ङ. हातहतियार इजाजत तथा नवीकरण सम्बन्धी सेवा:

- हातहतियार इजाजत, नामसारी, नवीकरण र स्वामित्व हस्तान्तरण

### च. संस्था दर्ता तथा नवीकरण सम्बन्धी सेवा:

- संस्था दर्ता संस्था नवीकरण
- संस्थाको विधान संशोधन
- संस्थाको शाखा खोल्ने स्वीकृति

प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा

छ. **विपद् व्यवस्थापन सम्बन्धी सेवा:**

- जिल्ला विपद् व्यवस्थापन समितिको बैठक सञ्चालन तथा व्यवस्थापन
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्ययोजना निर्माण
- विपद् क्षति विवरण संकलन
- विपद् पीडित भएकाहरुलाई क्षतिपूर्ति एवं राहत वितरण तथा पुनर्स्थापना

ज. **अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा हेलो सरकार सम्बन्धी सेवा:**

- अख्तियार दुरुपयोग अनुसन्धान आयोग र हेलो सरकार तथा अन्य निकायबाट प्राप्त उजुरी एवं निवेदनहरु उपर प्रारम्भिक छानविन ।

झ. **राष्ट्रिय परिचय पत्र वितरण सम्बन्धी सेवा**

- जिल्ला बासी नागरिकहरुको नेपाली नागरिकता प्रमाणपत्रको आधारमा राष्ट्रिय परिचयपत्र विवरण संकलन,प्रवृष्टि र परिचयपत्र कार्ड वितरण

## ४. कार्यालयको स्वीकृत दरबन्दी विवरण

| सि. नं. | पद | श्रेणी/तह | स्वीकृत दरबन्दी | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | दरबन्दी | पदपूर्ति | रिक्त | |
| १ | प्रमुख जिल्ला अधिकारी | रा.प.प्रथम | १ | १ | - | |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | रा.प.द्बितीय | १ | १ | - | |
| ३ | प्रशासकीय अधिकृत | रा.प.तृतीय | २ | २ | - | |
| ४ | नायव सुब्बा | रा.प.अनं.प्रथम | ७ | ४ | ३ | ३ लोकसेवा माग |
| ५ | लेखापाल | रा.प.अनं. प्रथम | १ | १ | - | |
| ६ | कम्प्यूटर अपरेटर | रा.प.अनं. प्रथम | २ | २ | - | १ जना करारबाट पूर्ति |
| ७ | खरिदार | रा.प.अनं.द्बितीय | ४ | ४ | - | |
| ८ | हलुका सवारी चालक | श्रेणी विहीन | २ | २ | - | करार |
| ९ | कार्यालय सहयोगी | श्रेणी विहीन | ७ | ५ | २ | करार |
| | जम्मा | | २७ | २२ | ५ | |

**राष्ट्रिय परिचय पत्र तर्फ**

| सि. नं. | पद | श्रेणी | स्वीकृत दरबन्दी संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | दरबन्दी | पदपूर्ति | रिक्त | |
| १ | विवरण दर्ता अपरेटर | रा.प.अनं.प्रथम | २ | ३ | - | १ जना अस्थाई स्टेनशनमा गरी ३ जना कार्यरत (करार) |
| २ | स्वयम् सेवक | श्रेणी विहीन | १ | १ | - | करार |

प्रशासकीय अधिकृत

## ५. सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी

### क. प्रमुख जिल्ला अधिकारी कक्ष

**जिम्मेवार अधिकारी :**

प्र.जि.अ. श्री भोला दाहाल

ह.स.चा. श्री श्री राजु मगर

का.स. श्री हरिराम खनाल

### ख. सहायक प्रमुख जिल्ला अधिकारी कक्ष

**जिम्मेवार अधिकारी :**

स.प्र.जि.अ. श्री श्रीनाथ पौडेल

ह.स.चा. श्री इन्द्र बहादुर खत्री

का.स. श्री नमुना गुरुङ बराम

### ग. स्थानीय प्रशासन शाखा

**जिम्मेवार अधिकारी :**

प्र.अ. श्री प्रकाश पौडेल

ना.सु. श्री अनिल गुरुङ

क.अ. श्री सबित शाक्य

खरिदार श्री निर्मल राना

का.स. श्री पार्वती बानियाँ

### घ. नागरिकता शाखा

**जिम्मेवार अधिकारी :**

प्र.अ. श्री चुडानिधि तिवारी

ना.सु. श्री अनिता न्यौपाने

खरिदार श्री रुद्र प्रसाद तिमिल्सिना

खरिदार श्री ज्ञानेन्द्र ढकाल

क.अ. श्री संन्जोग श्रेष्ठ (ईलाका प्रशासन कार्यालय, सिर्दिबासबाट काजमा)

### ङ. नागरिकता प्रतिलिपि शाखा

**जिम्मेवार अधिकारी :**

खरिदार श्री श्याम सुन्दर ढकाल

का.स. श्री राजु खनाल

### च. राहदानी शाखा

**जिम्मेवार अधिकारी :**

ना.सु. श्री नविन वस्नेत (दरबार हेरचाह अड्डा, गोरखाबाट काजमा)

क.अ. श्री सावित्रा पुन मगर

ना.सु. श्री बेनिजा बानिया

### छ. मुद्दा शाखा

**जिम्मेवार अधिकारी :**

ना.सु. श्री समिर आचार्य

ना.सु. श्री विश्व रोका मगर (ईलाका प्रशासन कार्यालय, सिर्दिबासबाट काजमा)

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा

ज. लेखा शाखा

**जिम्मेवार अधिकारी :**

स. लेखापाल श्री सुष्मा ढकाल (नापी कार्यालयमा दरबन्दी)

झ. राष्ट्रिय परिचय पत्र दर्ता शाखा

**जिम्मेवार अधिकारी :**

वि.द.अ. श्री शौरभ ढकाल

वि.द.अ. श्री दिनेश श्रेष्ठ

वि.द.अ. श्री दिपा गुरुङ (अस्थाई स्टेशन)

द.स. श्री खिल बहादुर उपरकोटी

ञ. दर्ता चलानी शाखा

**जिम्मेवार अधिकारी :**

ह.स.चा. श्री कृष्ण प्रसाद खनाल (गृह मन्त्रालयबाट काज)

## ६. निर्णय गर्ने प्रक्रिया र अधिकार

जिल्ला प्रशासन कार्यालयबाट गरिने प्रशासनिक निर्णयहरु प्रमुख जिल्ला अधिकारीबाट वा अधिकार प्रत्यायोजन भए अनुसार स.प्र.जि.अ. वा प्रशासकीय अधिकृतहरुबाट हुने। साथै कानुन बमोजिम मुद्दा सुन्ने अधिकार प्रमुख अधिकारलाई मात्र रहने।

## ७. निर्णय उपर उजुरी सुन्ने अधिकारी

बुँदा नं. ७ मा उल्लेख भए अनुसारको प्रशासनिक निर्णय उपर उजुरी सुन्ने कार्य कानूनमा तोकिएको भए सोही अनुसार र नतोकिएको भए प्र.जि.अ. द्वारा गरिन्छ। साथै कानून बमोजिम मुद्दामा भएको फैसलाको पुनरावेदन जिल्ला अदालत गोरखामा लाग्दछ।

## ८. कार्यालयको सम्पर्क विवरण

| | | |
|---|---|---|
| **पत्राचार ठेगाना** | : | गोरखा जिल्ला गोरखा नगरपालिका वडा नं. ६ हरमटारी। |
| **वेभसाइट** | : | www.daogorkha.moha.gov.np |
| **इमेल** | : | daogorkha@moha.gov.np |
| | | dao.gorkha@gmail.com |
| | | daogorkhaabhilekh@gmail.com (नागरिकताको अभिलेखको लागि मात्र) |
| **फोन नं.** | : | ०६४-४२१४१६ |

## ९. सुचना अधिकारी

| | | |
|---|---|---|
| **नामथर** | : | श्रीनाथ पौडेल |
| **पद** | : | सहायक प्रमुख जिल्ला अधिकारी |
| **सम्पर्क नं.** | : | ९८५६०५७७७८ |

## १०. कार्यालयको सूचना प्रकाशन हुने माध्यम

| | | |
|---|---|---|
| **वेभसाइट** | : | www.daogorkha.moha.gov.np |
| **फेसबुक** | : | जिल्ला प्रशासन कार्यालय, गोरखा |

**साथै जिल्ला प्रशासन कार्यालय, गोरखाको सूचना पाटीमा**



अधिकृत

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा

## गोरखा

**मिति २०८० सालको दोस्रो त्रैमासिक (कार्तिक, मंसिर र पौष महिना) को प्रगती विवरण**

| स्थानीय प्रशासन शाखा | | | |
|---|---|---|---|
| क.सं. | सम्पादन गरेको काम | कामको परिमाण | कैफियत |
| १ | नावालक परिचय पत्र | १५० | |
| २ | पेन्सन सम्बन्धी कागजात प्रमाणित | २११ | |
| ३ | जिल्ला प्रहरी कार्यालयलाई पठाइएको पत्र | ४४ | |
| ४ | अन्य प्रमाणित तथा सिफारिस | ३५९ | |
| ५ | विष्फोटक पदार्थ अनुमति | ० | |
| ६ | विष्फोटक पदार्थ अनुमति नविकरण | ० | |
| ७ | जनजाति/दलित/मुस्लिम प्रमाणित | ५२७ | |
| ८ | ठाडो उजुरी दर्ता | १९ | |
| ९ | ठाडो उजुरी फछ्र्योट | १९ | |
| १० | जिल्ला सुरक्षा समितिको बैठक | ११ | |
| ११ | Dcmc को बैठक | १ | |
| १२ | कर्मचारी बैठक | ३ | |
| १३ | कार्यालय प्रमुख बैठक | ३ | |
| १४ | विपद् व्यवस्थापन समिति (DDMC) | १ | |
| १५ | विबिध बैठक | १३ | |

| मुद्दा शाखा | | | |
|---|---|---|---|
| क.सं. | सम्पादन गरेको काम | कामको परिमाण | कैफियत |
| १ | मुद्दा दर्ता | १५ | |
| २ | मुद्दाको अन्तिम किनारा | ११ | |
| ३ | संस्था दर्ता | १ | |
| ४ | संस्था नविकरण | | |
| ५ | संस्थाको विधान संशोधन | ० | |
| ६ | हातहतियार इजाजत | ० | |
| ७ | हातहतियार नामसारी | ० | |
| ८ | हातहतियार नविकरण | ४ | |
| ९ | हातहतियार इजाजत खारेज | ० | |

प्रशासकीय अधिकृत

| नागरिकता तथा प्रतिलिपि शाखा | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | सम्पादन गरेको काम | कामको परिमाण | | | कैफियत |
| | | महिला | पुरुष | जम्मा | |
| १ | वंशजको नाताले नागरिकता वितरण | १०७५ | १००९ | २०८४ | |
| २ | जन्मको आधारमा नागरिकता प्राप्त गरेका व्यक्तिका सन्तानलाई वितरित वंशजको नागरिकता विवरण | ० | ० | ० | |
| ३ | बैबाहिक अंगीकृत नागरिकता वितरण | २ | ० | २ | |
| ४ | आमाको नामबाट नागरिकता वितरण | ३ | ४ | ७ | |
| ५ | नागरिकता प्रतिलिपी वितरण | ८७३ | १०३६ | १९०९ | |
| ६ | गैर आवसीय नागरिकता वितरण | ३ | २३ | २६ | |

| राहदानी शाखा | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | सम्पादन गरेको काम | कामको परिमाण | | | कैफियत |
| | | महिला | पुरुष | जम्मा | |
| १ | ई पासपोर्ट संकलन | १२१४ | १९०४ | ३११८ | |
| २ | राहदानी वितरण | १००२ | १९१८ | २९२० | |
| ३ | ई पासपोर्ट संकलन (नाबालक) | ३० | ५८ | ८८ | |

| राष्ट्रिय परिचयपत्र शाखा | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | सम्पादन गरेको काम | कामको परिमाण | | | कैफियत |
| | | महिला | पुरुष | जम्मा | |
| १ | राष्ट्रिय परिचयपत्र विवरण संकलन | २३५५ | २५८० | ४९३५ | |
| २ | राष्ट्रिय परिचयपत्र वितरण | ३६८ | ७१३ | १०८१ | |

## लेखाशाखा

| राजस्व संकलन तर्फ | | |
|---|---|---|
| १ | हातहतियारको इजाजतपत्र दस्तुर | १७,०००.०० |
| ३ | प्रशासनिक दण्ड जरिवाना | - |
| ४ | न्यायिक दण्ड, जरिवाना र जफत | २०,०००.०० |
| ५ | परीक्षा दस्तुर | - |
| ७ | बेरुजु | - |
| ८ | राहदानी दस्तुर | १६,९९०,०००.०० |
| ९ | अन्य | १६३२००.०० |
| जम्मा | | १७,१९०,२००.० |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा

प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| धरौटी तर्फ | | |
| १ | धरौटी प्राप्त | - |
| २ | धरौटी फिर्ता | - |
| ३ | धरौटी सदरस्याहा | - |
| ४ | धरौटी बांकी | ५,८३७,७४४.०० |
| **जम्मा** | | ५,८३७,७४४.०० |
| कार्यालयको खर्च सम्बन्धी विवरण | | |
| १ | चालु खर्च | ४,४८८,९२०.३० |
| २ | पुँजीगत खर्च | १४०,७९८.०० |
| **जम्मा** | | ४,६२९,७१८.३० |
| विपद् प्रभावितलाई राहत वितरण | | |
| १ | विपद् राहत वितरण रु. | - |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा

प्रमाणित गर्ने

२०८०।१०।०३

चुडानिधि तिवारी

प्रशासकीय अधिकृत

प्रशासकीय अधिकृत

| क्र. सं. | सेवा | सेवा सुविधाहरुको विवरण | सेवा प्रदान गर्ने स्थान | कार्य सम्पादन गर्न आवश्यक पर्ने कागजातहरु | लाग्ने शुल्क | लाग्ने समय | जिम्मेवार व्यक्ति/ शाखा/फाँट | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|---|
| १ | नागरिकता सम्वन्धी | क) वंशजको नाताले नेपाली नागरिकता प्रमाणपत्र प्रदान गर्ने कार्य | नागरिकता शाखा | • अनुसूचि १ बमोजिमको विवरण भरी सम्बन्धित वडा को सिफारिस<br>• बाबु, आमा वा आफ्नो वंशज तर्फ तीन पुस्ता भित्रका नातेदारको नेपाली ना.प्र.प./ आमाको मात्र ना.प्र.प. पेश भएकोमा नेपाली नागरिकसंग विवाह भएको खुल्ने प्रमाण पेश गर्नुपर्ने ।<br>• बावु वा आमाको मृत्यु भएकोमा मृत्युदर्ता प्रमाणपत्र ।<br>• जन्मस्थान वा नाता खुल्ने गरी स्थानीय तहले प्रदान गरेको जन्मदर्ता प्रमाणपत्र ।<br>• बाबु, आमा वा आफ्नो वंशजतर्फका तीन पुस्ताभित्रका नातेदारले आफ्नो सक्कल नागरिकता पेश गरी सनाखत गर्नुपर्ने । ना.प्र.प. नलिदै विवाह भएको नेपाली महिलाको हकमा<br>• विवाह दर्ता प्रमाणपत्र<br>• पतिको नागरिकता प्रमाणपत्र<br>• बाबु, आमा, दाजु वा भाई मध्ये कुनै एकको ना.प्र.प.(बाबुको ना.प्र.प)<br>• वेजिल्ला माइत हुने महिलाको हकमा माइती जिल्लावाट ना.प्र.प.लिए/नलिएको प्रमाण<br>• जन्ममिति खुल्ने शैक्षिक प्रमाण पत्र वा जन्मदर्ताको प्रमाण पत्र, २ प्रति फोटो पेश गर्नुपर्ने<br>• बसाई सराई गरी आउनेको हकमा उल्लेखित कागजातको अतिरिक्त देहाएको कागजात संलग्न गर्नुपर्ने<br>○ बसाईसराईको प्रमाणपत्र<br>○ जग्गाधनी प्रमाणपत्र<br>○ नागरिकताको अभिलेख भिडेको पत्र | निवेदनमा रु १० को हुलाक हुलाक टिकट | प्रमाण पुरा भएकै दिन | झ्याल नं. १०५ | प्र.जि.अ./स. प्र.जि.अ. (३०१/२०५) |



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ख) कर्मचारी परिवारको नाताले ना.प्र.प.लिनुपर्दा | नागरिकता शाखा | • अनुसूचि १ बमोजिमको ढाचामा विवरण भरी कार्यालय रहेको स्थानको न.पा./गा.पा. (वडा) को सिफारिस<br>• जन्म दर्ता<br>• शौक्षिक योग्यताको प्रमाण पत्र<br>• बाबु, आमाको नेपाली नागरिकताको प्रमाणपत्र<br>• कार्यरत कार्यालयको कर्मचारी परिचयपत्रको प्रतिलिपी<br>• कर्मचारी बहाल रहेको कार्यालयको सिफारिस<br>• विवाहित महिलाको हकमा पतिको ना.प्र.प., विवाह दर्ताको प्रमाणपत्र | निवेदनमा रु १० को हुलाक टिकट | प्रमाण पुरा भएकै दिन | झ्याल नं. १०५ | प्र.जि.अ./स. प्र.जि.अ. (३०१/२०५) |
| | | ग) पितृत्व/ मातृत्वको ठेगाना नभएको व्यक्तिले ना.प्र.प. लिनुपर्दा | नागरिकता शाखा | • स्थानीय तह (वडा) बाट सिफारिस भएको अनुसूची १ बमोजिमको फाराम<br>• नेपाल सरकारबाट स्वीकृत प्राप्त बालबालिका संरक्षण गर्ने संघ वा अनाथलायको संरक्षणमा हुर्किएको भए त्यस्तो संस्थाको सिफारिस।<br>• जन्म दर्ता<br>• शौक्षिक योग्यताको प्रमाण पत्र<br>• कुनै व्यक्ति विशेषले प्रचलित कानुन बमोजिम संरक्षकत्व प्राप्त गरी पालन पोषण गरेको भए त्यस्तो व्यक्तिवाट सवै व्यहोरा खोली सनाखत गर्नुपर्ने<br>• पितृत्व/ मातृत्वको बारेमा थप कुरा बुझ्नु पर्ने भएमा आवश्यकता अनुसार स्थानीय तहको वा प्रहरी प्रतिवेदन लिन सकिनेछ। | निवेदनमा रु १० को हुलाक टिकट | प्रमाण पुरा भएकै दिन | झ्याल नं. १०५ | प्र.जि.अ./स. प्र.जि.अ. (३०१/२०५) |
| | | घ) बैबाहिक ङ्गिकृत नागरिकता प्रमाणपत्र लिनु पर्दा | नागरिकता शाखा | • स्थानीय तहले (वडा) विवरण भरी प्रमाणित गरी पठाएको अनुसूचि ७<br>• पतिको ना.प्र.प.को प्रतिलिपी<br>• विवाह दर्ता प्रमाणपत्र<br>• आमा बुबाको राष्ट्रयता खुल्ने कागजात<br>• जन्म मिति खुल्ने प्रमाण<br>• सम्वन्धित देशको नागरिकता त्याग गर्न सम्वन्धित देशको राजदुतावास र सम्वन्धित ठेगानामा पठाएको निवेदनको प्रमाणित प्रतिलिपी र सक्कल निवेदन हुलाक दाखिला गरेको सक्कल रसिद | निवेदनमा रु १० को हुलाक टिकट | निवेदन पेश भएकै दिन प्रक्रिया प्रारम्भ गरिने | झ्याल नं १०५ | प्र.जि.अ./स. प्र.जि.अ. (३०१/२०५) |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | • पतिको सनाखत वा पतिको मृत्यु भएमा मृत्यु दर्ता पेश गर्ने<br>• पति सँग नाता खुल्ने ३ पुस्ताभित्रका व्यक्तिको नागरिकता राखी सनाखत गर्नुपर्ने | | | | |
| | | ङ) अङ्गिकृत नागरिकता | नागरिकता शाखा | • स्थानीय तह(वडा) को सिफारिस सहित अनुसूचि ७ वमोजिमको निवेदन<br>• अनुसूचि ७ बमोजिमको स्वघोषणा<br>• नेपाली वा नेपालमा प्रचलित अन्य कुनै भाषा बोल्न र लेख्न जानेको प्रमाण<br>• नेपालमा कुनै व्यवसाय गरी बसेको प्रमाण<br>• अन्य मुलुकको नागरिकता त्यागेको वा त्याग्ने घोषणा गरेको प्रमाण<br>• कम्तीमा १५ वर्षसम्म नेपालमा बसोबास गरेको<br>• नेपाली नागरिकलाई अङ्गिकृत नागरिकता दिने कानुनी व्यवस्था वा प्रचलन भएको मुलुकको नागरिकता भएको<br>• असल चालचलन भएको<br>• मानसिक रुपले स्वस्थ भएको | निवेदनमा रु १० को हुलाक टिकट | गृह मन्त्रालय वाट निर्णय भै प्राप्त भएपछि | झ्याल न . १०५ | प्र.जि.अ./स. प्र.जि.अ. (३०१/२०५) |
| | | च) नेपाली आमाबाट ना.प्र.प. | नागरिकता शाखा | • अनुसूची-१ बमोजिम सम्बन्धित वडाको सिफारिश सहितको निवेदन,<br>• आमाको नेपाली नागरिकताको प्रमाण पत्र, मृत्यु भएको भए मृत्यु दर्ता प्रमाण पत्र<br>• व्यक्तिगत घटना दर्ता व्यवस्थापन सूचना प्रणालीबाट जारी भएको सक्कल जन्मदर्ता/ हस्तलिखित जन्मदर्तालाई स्थानीय पञ्जिकाधिकारीको कार्यालयको अभिलेख अनुसार व्यक्तिगत घटनादर्ता व्यवस्थापन सूचना प्रणालीबाट जारी भएको अभिलेखको प्रतिलिपि ।<br>• निवेदकको शैक्षिक प्रमाण पत्र<br>• आमा र सन्तानको फोटो सहितको नाता प्रमाणित र पारिवारिक विवरण<br>• बसाईसराई गरी आएकाहरुको हकमा बसाईसराई दर्ता प्रमाण पत्र र जगाधनी लालपुर्जा/विद्युत/खानेपानी/ भूमिहिन निस्सा<br>• निवेदकको जन्म नेपालमा भई नेपालमा नै बसोबास गर्दै आएको र | निवेदनमा रु १० को हुलाक टिकट | गृह मन्त्रालय वाट निर्णय भै प्राप्त भएपछि | कोठा नं . १०५ | प्र.जि.अ./स. प्र.जि.अ. (३०१/२०५) |



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | निजको बाबुको पहिचान हुन नसकेको सम्बन्धित वडाको किटानी सिफारिस।<br>• अनुसूची ४ (क) र अनुसूची ४ (ख) बमोजिमको स्वघोषणा,<br>• निवेदकको आमाको होस ठेगान नरहेकोमा स्वीकृत चिकित्सकले गरेको सिफारिस<br>• अनुसूची- ३ बमोजिम स्थलगत सर्जमिन मुचुल्का (सम्बन्धित वडा कार्यालयमा गर्ने)<br>• अनुसूची-४ बमोजिमको सर्जमिन मुचुल्का (कार्यालयमा गर्ने।<br>• रितपूर्वक प्राप्त निवेदन उपर तोकिएको प्रहरीको स्थलगत सर्जमिन मुचुल्का समेत<br>• कार्यालयले थप बुझ्न आवश्यक ठानेका अन्य कागजातहरु। | | | | |
| | | छ) विदेशी पुरुष नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकको सन्तानले | नागरिकता शाखा | • अनुसूची ७ बमोजिम सम्बन्धित वडाको सिफारिस सहितको निवेदन,<br>• आमाको नेपाली नागरिकताको प्रमाणपत्र, मृत्यु भएको भए मृत्यु दर्ता प्रमाण पत्र,<br>• व्यक्तिगत घटना दर्ता व्यवस्थापन सूचना प्रणालीबाट जारी भएको सक्कल जन्मदर्ता/ हस्तलिखित जन्मदर्तालाई स्थानीय पञ्जिकाधिकारीको कार्यालयको अभिलेख अनुसार व्यक्तिगत घटनादर्ता व्यवस्थापन सूचना प्रणालीबाट जारी भएको अभिलेखको प्रतिलिपि।<br>• निवेदकको शैक्षिक प्रमाण पत्र<br>• आमा र सन्तानको फोटो सहितको नाता प्रमाणित र पारिवारिक विवरण<br>• बसाईसराई गरी आएकाहरुको हकमा बसाईसराई दर्ता प्रमाण पत्र र जग्गाधनी लालपुर्जा/विद्युत/खानेपानी / भूमिहिन निस्सा<br>• निरन्तर स्थायी बसोवास गरेको सिफारिस।<br>• अनुसूची ७ (क) बमोजिमको स्वघोषणा,<br>• सम्बन्धित वडा तहको किटानी सिफारिस<br>• अनुसूची- ३ बमोजिम स्थलगत सर्जमिन मुचुल्का (सम्बन्धित वडा कार्यालयमा गर्ने)<br>• रितपूर्वक प्राप्त निवेदन उपर प्रहरीको स्थलगत सर्जमिन मुचुल्का समेत | निवेदनमा रु १० को हुलाक टिकट | गृह मन्त्रालय वाट निर्णय भै प्राप्त भएपछि | झ्याल नं. १०५ | प्र.जि.अ./स. प्र.जि.अ. (३०१/२०५) |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | कार्यालयले थप बुझ्न आवश्यक ठानेका अन्य कागजातहरु<br>• निवेदन प्राप्त भएपछि प्रमुख जिल्ला अधिकारीज्यूले आवश्यकता महसुस भएमा सम्बन्धित नगरपालिका र गाउँपालिकाको प्रमुख/अध्यक्षसँग आवश्यक कुराहरु बुझ्न सक्नुहुनेछ। | | | | |
| | | ज) ना.प्र.प.को पीप्रतिलि दिने कार्य | नागरिकता प्रतिलिपी शाखा | • अनुसूचि २ फाराममा सबै बिबरण भरी सम्वन्धित स्थानीय तह(वडा)को सिफारिस<br>• पहिला पाएको ना.प्र.प.को झुत्रो प्रति वा प्रतिलिपि वा ना.प्र.प.नं. र जारी मिति अनिवार्य उल्लेख गर्नुपर्ने<br>• धेरै पुराना ना.प्र.प.का कार्यालय अभिलेख नबुझिने भएकोमा वा नभेटिएमा अनुसूची १ बमोजिमको फाराम भरी सम्बन्धित स्थानिय तहको सिफारिस सहित पिता, माता, दाजु, भाई मध्ये कुनै एकको ना.प्र.प.को प्रतिलिपी र ना.प्र.प.को सक्कल र सनाखत (नयाँ ना.प्र.प.लिए सरह) | निवेदनमा रु १३ को हुलाक टिकट टाँस गर्ने | प्रक्रिया पुरा भएकै दिन | झ्याल नं. १०४ | प्र.जि.अ./स. प्र.जि.अ. (३०१/२०५) |
| | | झ) ना.प्र.प.विवरण संशोधन | नागरिकता प्रतिलिपी शाखा | • निर्धारित ढाचाको निवेदनमा विवरण सच्याउन पर्नाको कारण प्रष्ट खुल्ने गरी छुट्टै पत्र समेत राखी सम्वन्धित न.पा./गा.पा.(वडा)को सिफारिस<br>• एस.एल.सी. पास गरेको शैक्षिक योग्यताको प्र.प.(मार्कसिट समेत)<br>• थर, ठेगाना वा विचको नाम संशोधन गर्नुपर्ने भएमा वावु, आमा, दाजु वा भाई मध्ये कुनै एक जना कार्यालयमा उपस्थित भई सनाखत गर्नुपर्ने जस्तैः वहादुर, प्रसाद, नाथ, लाल<br>• अन्य आवश्यक कागजात | निवेदनमा रु १३ को हुलाक टिकट टाँस गर्ने | प्रक्रिया पुरा भएकै दिन | झ्याल नं. १०४ | प्र.जि.अ./स. प्र.जि.अ. (३०१/२०५) |
| | | ञ) गैर आवासीय नेपाली नागरिकता | नागरिकता शाखा | • अनुसुची ८ "ग" वमोजिमको सिफारिस<br>• निवेदन दिने व्यक्ति वा निज वा आमा, वाजे वा वज्यै साविकमा नेपाली नागरिक रहेको प्रमाण<br>• विदेशी मुलुकको नागरिकता भएको प्रमाण<br>• दक्षिण एसियाली क्षेत्रीय संगठन सदस्य राष्ट्र वाहेकको देशमा वसोबास गरको प्रमाण | निवेदनमा रु १३ को हुलाक टिकट टाँस गर्ने | प्रक्रिया पुरा भएकै दिन | झ्याल नं. १०४ | प्र.जि.अ./स. प्र.जि.अ. (३०१/२०५) |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | • हाल नागरिक रहेको मुलुक वाट लिएको राहदानीको प्रतिलिपि<br>• अनुसुची ८"घ" वमोजिमको प्रतिवद्धताप्रत्र<br>• अनुसुचो ८ "च" वमोजिमको शपथ<br>• साविकमा नेपालको नागरिकता लिई नागरिकता फिर्ता नबुझाएको व्यक्तिले निवेदन दिँदाको वखतमा नेपाली नागरिकता प्रमाणपत्र बुझाउनु पर्ने<br>• व्यक्तिले आफु नागरिक रहेको मुलुक स्थित वा त्यस्तो मुलुक समेत हेर्ने कार्यक्षेत्र तोकिएको नेपाली राजदुतावास वा महावाणिज्य दुतावासमा समेत निवेदन दिन सक्नेछ<br>• निवेदकको नाताभित्रको नेपाली नागरिकले वा नाताभित्रको व्यक्ति नभएको निजलाई चिन्ने नागारिकले सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी समक्ष उपस्थित भई सनाखत गर्नुपर्ने<br>• आवश्यकता अनुसार प्र.जि.अ ले निवेदकको विदेशी मुलुकको नागरिकता वा राहदानीको बैधताको बिषयमा सम्बन्धित मुलुक वा तोकिएको नेपाली कुटनितिक नियोगमा समेत बुझ्न सक्नेछ | | | | |
| २ | राहदानी सम्वन्धी | नयाँ राहदानी प्रदान | राहदानी शाखा | • रीतपूर्वक भरिएको अनलाइन आवेदन फाराम<br>• नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल प्रति र सोको १ प्रति प्रतिलिपी<br>• राष्ट्रिय परिचयपत्र (NIN)<br>• राहदानी दस्तुर तिरेको रसिद<br>• नावालकको हकमा नावालक परिचयपत्र र निजको बाबुआमा मध्ये कुनै एक जनाको नागरिकताको प्रमाणपत्र र सो को प्रतिलिपी, संरक्षक नियुक्त भएको हकमा व्यहोरा खुल्ने लिखतको सक्कल प्रति र संरक्षकको नागरिकताको प्रमाणपत्र तथा त्यसको प्रतिलिपी<br>• पहिले नै राहदानी लिएको भए सो को सक्कल प्रति<br>• राहदानी प्राप्त गर्न स्वयं व्यक्ति रकम तिरेको भौचर, सक्कल नागरिकता | • रु ५,०००राजश्व दस्तुर तर १० वर्ष मुनिका वालवालिकाका हकमा रु २,५०० मात्र लाग्नेछ।<br>• पाना च्यातिएको, केरमेट | साधारण राहदानी राहदानी विभागवाट प्राप्त भएपछि वितरण हुने, द्रुत सेवाको लागि दोब्बर दस्तुर बुझाइएको १ हप्तापछि राहदानी विभाग | झ्याल नं. ११० | प्र.जि.अ./स. प्र.जि.अ. (३०१/२०५) |



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रमाण पत्र सहित उपस्थित हुनुपर्ने<br>• पुरानो राहदानी भएमा उक्त राहदानी आवश्यक पर्नेछ।<br>• विवाह भई आएको महिलाहरुको हकमा पतिको नागरिकताको प्रतिलिपी र विवाह दर्ताको प्रमाणपत्रको प्रतिलिपी<br>• कर्मचारी परिवारको हकमा कार्यरत कार्यालयको सिफारिस पत्र<br>• च्यातिएको वा भिजेको राहदानीको सम्वन्धमा सक्कल राहदानी समेत पेश गरी कारण सहितको निवेदन पेश गर्नु पर्ने<br>• बसाई सराई गरी आएको हकमा बसाई सराईको प्रमाणपत्रको प्रतिलिपी, जग्गाधनी पुर्जाको प्रतिलिपी, न.पा. क्षेत्रमा घर भए नक्सा पास (ना.प्र.प.को प्रतिलिपी बनेको कार्यालयबाट नागरिकताको अभिलेख प्रमाणित भै आएपछि मात्र राहदानी जारी हुने) | भएको वा अन्य कारणले राहदानी मा क्षती पुर्‍याएको वा हराएको राहदानीको हकमा दोब्बर दस्तुर लाग्नेछ। | काठमाडौवाट लिन सकिने | | |
| ३ | राष्ट्रिय परिचयपत्र | नागरिकता प्रमाणपत्र प्राप्त गरेको | राष्ट्रिय परिचयपत्र शाखा | • नेपाली नागरिकताको सक्कल प्रमाणपत्र<br>• बसाईसराई गरेको हकमा बसाईसराईको सक्कल प्रमाणपत्र (नागरिकतामा उल्लेख भएको स्थायी ठेगाना भन्दा फरक ठेगाना भएमा)<br>• विवाहितको हकमा नागरिकतामा पति वा पत्नीको नाम खुलेको भएमा सोहि प्रमाणपत्र अन्यथा विवाह दर्ता, विवाह प्रमाणित/ नाता प्रमाणितको सक्कल प्रमाणपत्र।<br>• नागरिकताको प्रमाणपत्रमा जन्म मिति नखुलेको हकमा जन्म मिति खुल्ने आधिकारिक प्रमाण (जन्म दर्ता, शैक्षिक प्रमाण पत्र, राहदानी, पेन्सन पट्टा)<br>• विवरण पुष्टि हुने अन्य कागजातहरु | | निवेदन परेकै दिन प्रक्रिया प्रारम्भ | झ्याल नं.१०८ | प्र.जि.अ./स. प्र.जि.अ. (३०१/२०५) |
| | | | | राष्ट्रिय परिचयपत्रमा उल्लेखित विवरण त्रुटी भएमा वा विवरण थपघट गर्नु परेमा सम्बन्धित व्यक्तिले त्यस्तो विवरण सच्याउन वा थपघट गर्न राष्ट्रिय परिचयपत्र बनिसकेपछि तोकिए बमोजिमको ढाँचामा विवरण दर्ता स्टेशनमा गई निबेदन दिई विवरण सच्याउन<br>सक्नेछ। यसरी विवरण सच्याउदा परिचयपत्र नम्बर परिवर्तन हुदैन | सच्याउन परेमा रु ५००/- मात्र लाग्नेछ | | | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | नावालक परिचयपत्र | नाबालक प्र.प.पाउने कार्य (१६ वर्ष भन्दा कम उमेर) | प्रशासन शाखा | • पासपोर्ट साइजको फोटो टास गरि वडा कार्यालयको सिफारिस सहित बाबु, आमाले निवेदन दिनु पर्ने<br>• बाबु, आमाको ना.प्र.प., नाता प्रमाणित र नावालकको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी<br>• शैक्षिक योग्यताको प्रमाण पत्र भए सो को प्रतिलिपी<br>• बाबु, आमा नभएको हकमा ३ पुस्ता खुल्ने प्रमाण सहितको निवेदन<br>• बाबु वा आमा भए बाबु, आमा र नभए ३ पुस्ता भित्रको नाता खुल्ने व्यक्तिले कार्यालयमा उपस्थित भई सनाखत गर्नुपर्ने<br>• बच्चाको जन्म विदेशी मुलुकमा भएको हकमा ट्राभल डकुमेण्ट | निवेदनमा रु १० को हुलाक टिकट | निवेदन परेकै दिन प्रक्रिया प्रारम्भ | झ्याल नं. १११ | प्र.जि.अ./स. प्र.जि.अ. (३०१/२०५) |
| ५ | कुनै व्यहोरा प्रमाणित सम्वन्धमा | प्रमाणित गर्ने कार्य | प्रशासन शाखा | • व्यहोरा खुलेको निवेदन<br>• न.पा./गा.पा.को सिफारिस<br>• व्यहोरा पुष्टि गर्ने प्रमाण कागज | निवेदनमा रु १० को हुलाक टिकट | आवश्यक जाँचवुझ सम्पन्न भएकै दिन | झ्याल नं. १११ | प्र.जि.अ./स. प्र.जि.अ. (३०१/२०५) |
| ६ | नेपाल सिमा क्षेत्रका वसिन्दका लागि प्रस्थान प्रवेश अनुमति पत्र वितरण सम्वन्धी | क) अनुमति पत्र विवरण | प्रशासन शाखा | • व्यहोरा स्पष्ट रुपमा खुलेको निवेदन<br>• ना.प्र.प.को प्रतिलिपी | निवेदनमा रु १० को हुलाक टिकट | निवेदन परेकै दिन | झ्याल नं. १११ | प्र.जि.अ./स. प्र.जि.अ. (३०१/२०५) |
| | | ट) अनुमति पत्र नविकरण | प्रशासन शाखा | • व्यहोरा स्पष्ट रुपमा खुलेको तोकिएको ढाँचा वमोजिमको निवेदन<br>• ना.प्र.प.को प्रतिलिपी<br>• अनुमति पत्रको सक्कल पेश गर्ने (पछि फिर्ता हुने) | निवेदनमा रु १० को हुलाक टिकट | निवेदन परेकै दिन | झ्याल नं. १११ | प्र.जि.अ./स. प्र.जि.अ. (३०१/२०५) |
| ७ | दलित/ जनजाती/ मुस्लिम प्रमाणित | सम्बन्धित जात वा समुदायको भनी प्रमाणित गर्ने कार्य | प्रशासन शाखा | • स्पष्ट व्यहोरा खुलेको निवेदन<br>• ना.प्र.प.को छायाँकपी<br>• सुचिकृत थर अन्तरगतको थर नखुलेमा सम्बन्धित जातिय संस्थाको | निवेदनमा रू १० को हुलाक टिकट | निवेदन परेकै दिन | झ्याल नं. १११ | प्र.जि.अ./स. प्र.जि.अ. (३०१/२०५) |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | सिफारिस<br>• सम्बन्धित वडाको सिफारिस | | | | |
| ८ | ब्रिट्रिस/भारतिय पोन्सनर सिफारिस/प्रमाणित | परिवरिक विवरण प्रमाणितको लागि(पेन्सन प्रयोजनार्थ आवश्यक सिफारिस/प्रमाणित पत्र) | प्रशासन शाखा | • परिवारिक विवरण प्रमाणितको लागि वडाको सिफारिस<br>• पारिवारिक विवरणमा उल्लेख गर्नुपर्ने व्यक्तिहरुको नागरिता प्रमाण पत्र<br>• विवाहितको हकमा विवाह मिति उल्लेख गर्नुपर्ने भएमा विवाह दर्ता प्रमाण पत्र<br>• मृत्यु भएको व्यक्तिको हकमा मृत्युदर्ता<br>• सम्बन्ध विच्छेद भएको हकमा सम्बन्ध विच्छेद प्रमाण पत्र / विवाह प्रमाणित पत्र<br>• पेन्सनरको पेन्सन पट्टा<br>• अन्य प्रमाणित गर्नुपर्ने भएमा(एउटै व्याक्ति प्रमाणित/जन्म मिति/नाम थर/अबिबाहित/बेरोजगार) सम्बन्धीत सिफारिस/ पुष्टि हुने अन्य कागजातहरु<br>• माग गरेको विषयमा विवरण पुष्टि हुने अन्य कागजातहरु<br>• आवश्यक परेको अवस्थामा सो को प्रहरी वा वडा मुचुल्का | निवेदनमा रू १० को हुलाक टिकट | निवेदन परेकै दिन | झ्याल नं. १११ | प्र.जि.अ./स. प्र.जि.अ. (३०१/२०५) |
| ९ | संघ संस्था सम्वन्धी | क)<br>संघ संस्था दर्ता गर्ने कार्य | मुद्दा फाँट | • तोकिएको ढाँचाको विवरण भरी कम्तीमा ७ जना सदस्य रहेको तदर्थ समितिका सदस्यको हस्ताक्षर भएको निवेदन<br>• सफासँग A4 साइजको नेपाली कागजमा एकापट्टि मात्र टाइप गरी कार्य समिति सदस्यहरुको प्रत्येक पानामा तलमाथि हस्ताक्षर भएको विधान ४ प्रति<br>• समितिको सबैको ना.प्र.प. प्रतिलिपी र स्थानीय तह सहितको सिफारिस<br>• घर भाडा सम्झौता<br>• कुनै मन्त्रालय, निकायसँग सम्वन्धित संस्था भएमा सो को सिफारिस<br>• सदस्यहरुको चालचलन वुझेको प्रहरी प्रतिवेदन | निवेदनमा रु १० को हुलाक टिकट, राजस्व दस्तुर रु १००० मात्र | निवेदन परेकै दिन प्रक्रिया प्रारम्भ गरिने | कोठा नं. २०२ | प्र.जि.अ./स. प्र.जि.अ. (३०१/२०५) |
| | | ख)<br>संघ संस्था नविकरण | मुद्दा फाँट | • संस्थाको आधिकारिक निवेदन पत्र<br>• समिति द्वरा संस्था नबिकरण गर्ने निर्णयको प्रति | निवेदनमा रु १० को हुलाक | सम्पूर्ण कागज, | कोठा नं. २०२ | प्र.जि.अ./स. प्र.जि.अ. |



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | गर्ने कार्य | | • सक्कल लेखापरीक्षण प्रतिवेदन र लेखापरीक्षकको प्रमाण पत्र, सो प्र. प. नवीकरण भएको निस्सा,कार्य प्रगति विवरण, हालको कार्य समितिको सबै पदाधिकारीको नाम, निर्वाचन भएको मिति खुलाउने<br>• कर चुक्ता भएको निस्सा र सम्वन्धित स्थानीय तहको सिफारिस | टिकट, रु ५०० दस्तुर र म्याद नाघेको भए नियमानुसार थप दस्तुर | प्रमाण पुगे निवेदन भएकै दिन | | (३०१/२०५) |
| | | ग) संस्थाको विधान संशोधन गर्ने कार्य | मुद्दा फाँट | • साधारण सभामा कूल सदस्य संख्याको दुई तिहाई वहुमतले विधान संशोधन गर्न गरेको निर्णयको प्रतिलिपी<br>• स्वीकृत सक्कल विधानको प्रतिलिपी १ प्रति<br>• तीन महले फारामको ४ प्रति प्रतिलिपी (त संशोधनस्तावि) | निवेदनमा रु १० को हुलाक टिकट | निवेदन भएकै दिन | कोठा नं. २०२ | प्र.जि.अ./स. प्र.जि.अ. (३०१/२०५) |
| | | घ) संस्थाको शाखा खाल्ने सम्वन्धी कार्य | मुद्दा फाँट | • विधानमा शाखा ख ोल्न सक्ने व्यवस्था भएकोमा संस्थाको कार्य समितिको निर्णय<br>• विधानको प्रतिलिपी<br>• सम्वन्धित स्थानीय तहको सिफारिस<br>• दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी | निवेदनमा रु १० को हुलाक टिकट नियमावली अनुसारको थप दस्तुर | निवेदन परेकै दिन प्रक्रिया प्रारम्भ गरिने | कोठा नं २०२ | प्र.जि.अ./स. प्र.जि.अ. (३०१/२०५) |
| १० | पत्रपत्रिका र छापाखाना | क) पत्रपत्रिका दर्ता गर्ने कार्य | मुद्दा फाँट | • तोकिएको ढाँचाको निवेदन<br>• सम्पादकको शैक्षिक योग्यताको प्रमाणपत्र र सम्पादक भई काम गर्ने मन्जुरी पत्र<br>• प्रकाशक र सम्पादकको नागरिकताको प्रतिलिपी<br>• प्रकाशक संस्थाको छाप, प्रवन्ध पत्र वा संस्थाको स्वीकृती, विधान नविकरण भएको प्रमाण, कर तिरेको प्रमाण, लेखा परीक्षण प्रतिवेदन, संचालकहरुको वैठकको निर्णय समेतका कागजातहरुको प्रतिलिपी<br>• छापाखाना दर्ता भएको प्र.प.को प्रतिलिपी<br>• छापाखानाको प्रवन्ध पत्रको प्रतिलिपी<br>• छापाखानालाई जिल्ला प्रशासन कार्यालयबाट स्वीकृत दिएको प्र.प.को | निवेदनमा रु १० को हुलाक टिकट, दैनिक पत्रिका रु १०००, अर्धसाप्ताहिक रु ७००, साप्ताहिक रु ५००, पाक्षिक रु ३००, मासिक र अन्य | निवेदन परेकै दिन प्रक्रिया प्रारम्भ गरिने | कोठा नं. २०२ | प्र.जि.अ./स. प्र.जि.अ. (३०१/२०५) |



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रतिलिपी<br>• छापाखानाले कर तिरेको प्र.प.कोप्रतिलिपी | पत्रिकाको लागि रु २०० | | | |
| | | ख) छापाखाना संचालन गर्ने कार्य | मुद्दा शाखा | • कुनै संस्था संचालक रहेको भए संस्थाको संचालकहरुको निर्णयको प्रतिलिपी, स्वीकृत विधानको प्रतिलिपी र व्यक्तिको भए फोटो ५/५ प्रति<br>• मूल्य अभिवृद्धि कर वा आयकर सम्वन्धी प्रमाणपत्र र संस्था नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपी<br>• छापाखाना संचालन गर्ने व्यक्तिको नागरिकता प्रमाण पत्र र घरजग्गाको जग्गाधनी पुर्जाको प्रतिलिपी वा करार कागज<br>• छापाखानाको उपकरणहरु खरिद गरेको वा नामसारी भै आएको भए सो को प्रमाण<br>• छापाखाना रहने स्थानको नक्सा | निवेदनमा रु १० को हुलाक टिकट र रु १००० दस्तुर | निवेदन परेकै दिन प्रक्रिया प्रारम्भ गरिने | कोठा नं. २०२ | प्र.जि.अ./स. प्र.जि.अ. (३०१/२०५) |
| ११ | हात हतियार सम्वन्धी | क) हातहतियार इजाजत सम्वन्धी कार्य | मुद्दा शाखा | • सम्वन्धित व्यक्तिको निवेदन<br>• ना.प्र.प.को प्रतिलिपी<br>• निरोगिताको प्रमाण पत्र<br>• कार्यालयवाट प्रहरी मार्फत चालचलन बुझिएको पत्र | १) निवेदनमा रु १० को हुलाक टिकट र एक पेस्तोल, रिभल्वरवा मिनियचर राइफल सहित अन्य राइफल प्रत्येक जिल्ला भर रु ५०००/-, अधिराज्यभरको रु ६०००/-<br>२) टोटावाला वा मिनियचर राइफल | निवेदन परेकै दिन | कोठा नं. २०२ | प्र.जि.अ./स. प्र.जि.अ. (३०१/२०५) |



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रत्येकको जिल्लाभर रु ४०००/- अधिराज्यभर रु ५०००/- ३ भरूवा बन्दुकको जिल्ला भर रू. ३०००/- अधिराज्यभर रू ३०००/- ४ हावादारी बन्दुक प्रत्येकको जिल्लाभर रू. २०००/- अधिराज्यभर रू २५००/- | | | |
| | | ख) हातहतियार नामसारी सम्वन्धी कार्य | मुद्दा शाखा | • सम्वन्धित लिने दिने व्यक्तिहरुको निवेदन<br>• ना.प्र.प.को प्रतिलिपी तथा हात हतियार इजाजत पत्र र लिने दिने व्यक्तिका अन्य कागजात सहित कार्यालयमा उपस्थित हुने<br>• लिने व्यक्तिको निरोगिताको प्रमाणपत्र, कार्यालयवाट प्रहरी मार्फत चालचलन वुझेको पत्र | निवेदनमा रु १० को हुलाक टिकट नामसारि दस्तुर रु१०००/- | निवेदन परेकै दिन प्रक्रिया प्रारम्भ गरिने | कोठा नं. २०२ | प्र.जि.अ./स. प्र.जि.अ. (३०१/२०५) |
| | | ग) हातहतियार | मुद्दा शाखा | • सम्वन्धित व्यक्तिको निवेदन<br>• इजाजत पत्रको सक्कल र सो को प्रतिलिपी | १.निवेदनमा रु १० को हुलाक | निवेदन परेकै दिन | कोठा नं. २०२ | प्र.जि.अ./स. प्र.जि.अ.(३० |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | नविकरण सम्वन्धी कार्य | | • ना.प्र.प.को प्रतिलिपी | टिकट र एक पेस्तोल, रिभल्वर वा मिनियचर राइफल सहित अन्य राइफल प्रत्येकको जिल्ला भर रु ३००० नेपाल भरको रु ४०००/- २. टोटावाला बन्दुक वा मिनियचर राइफल प्रत्येकको जिल्लाभर रू. २०००/- नेपाल रू. ३०००/- ३भरुवा वन्दुकको. जिल्ला भर रू. १५००/- अधिराज्यभर रू. २०००/- ४ हावादारी वन्दुक. | | | | १/२०५) |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रत्येकको जिल्ला भर रु १०००/- अधिराज्यभर रु १५००/- | | | |
| | | घ) हातहतियार इजाजतको प्रतिलिपी सम्वन्धी कार्य | मुद्दा शाखा | • सम्वन्धित व्यक्तिको नाममा रहेको हातहतियारको इजाजत पत्रको प्रतिलिपी सहित निवेदन<br>• ना.प्र.प.को प्रतिलिपी<br>• सम्बन्धित न.पा./गा.पा.को लेटरप्याडमा इजाजत पत्र वालाको फोटो टाँसी प्रमाणित भइ आएको सिफारिस पत्र | निवेदनमा रु १० को हुलाक टिकट र रु ५० राजश्व | निवेदन परेकै दिन | कोठा नं. २०२ | प्र.जि.अ./स. प्र.जि.अ. (३०१/२०५) |
| १२ | शान्ति सुरक्षा सम्वन्धी | क) शान्ति सुरक्षाको निवेदन सम्वन्धी कार्य | प्रशासन शाखा | • व्यहोरा स्पष्ट रुपमा खुलेको निवेदन र निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी वा परिचय खुल्ने कागज | निवेदनमा रु १० को हुलाक टिकट | निवेदन परेकै दिन | झ्याल नं. १११ | प्र.जि.अ./स. प्र.जि.अ. (३०१/२०५) |
| | | ख) गुनासो वा ठाडो उजुरी | मुद्दा शाखा | • व्यहोरा स्पष्ट रुपमा खुलेको निवेदन | निवेदनमा रु १० को हुलाक टिकट | निवेदन परेकै दिन | कोठा नं. २०२ | प्र.जि.अ./स. प्र.जि.अ. (३०१/२०५) |

**नोटः नागरिकता लगायतका महत्बपुर्ण विषयमा कार्यालयले प्रहरी सर्जमिन मुचुल्का वा वडा मुचुल्का माग गर्न सक्ने छ।**



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा